## कर्जा सूचना केन्द्र लिमिटेडको
## छैठौं वार्षिक साधारण सभाको
## अभिलेख (माईन्यूट)

१. **वैधानिक सभा :**

कर्जा सूचना केन्द्र लिमिटेड सञ्चालक समितिको २०६७ कार्तिक ०७ गते बसेको ४९ औ बैठकको निर्णय अनुसार प्रचलित कम्पनी कानून तथा केन्द्रको प्रबन्धपत्र र नियमावली बमोजिम केन्द्रको छैठौं वार्षिक साधारण सभा केन्द्रको संचालक समितिका अध्यक्ष श्री अशोक शम्सेर राणाज्यूको सभापतित्वमा अमृतभोग, कालिकास्थान, डिल्लीबजार काठमाण्डौंमा देहाय बमोजिम सु-सम्पन्न भयो ।

२. **सभाको स्थान, मिति र समय :**

मिति : २०६७ साल पौष ०५ गते सोमबार ( २० डिसेम्बर, २०१० ) ।
समय : दिनको ४ :०० बजे प्रारम्भ भई साँझ ५ : ३० सम्पन्न भयो ।
स्थान : अमृतभोग, कालिकास्थान,डिल्लीबजार, काठमाण्डौं ।

३. **सभाको सूचना :**

यस छैठौं वार्षिक साधारण सभाको सूचना २०६७ साल मंसिर ०७ र ०८ गतेको कारोबार दैनिक पत्रिकामा सूचना प्रकाशित गरिएको तथा साधारण सभाको सूचना सहितको बार्षिक प्रतिवेदन केन्द्रका शेयरधनी महानुभावहरुको ठेगानामा प्रेषित गरिएको कुरा कम्पनी सचिवले जानकारी गराउनु भयो ।

४. **छलफलको बिषयहरु :**

(क) सामान्य प्रस्तावहरु

१. छैठौं वार्षिक साधारण सभाको लागि संचालक समितिको प्रतिवेदन पारित गर्ने ।
२. लेखापरीक्षकको प्रतिवेदन सहितको आर्थिक वर्ष २०६६/०६७ को वासलात, नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण र सो संग सम्बन्धित वित्तीय विवरण उपर छलफल तथा पारित गर्ने ।
३. संचालक समितिले प्रस्ताव गरे बमोजिमको बोनस शेयरको लागि नगद लाभांश बितरण गर्न स्वीकृत गर्ने ।
४. आर्थिक वर्ष २०६७/०६८ को लागि लेखापरीक्षकको नियुक्ति तथा निजको पारीश्रमिक निर्धारण गर्ने ।
६. विविध

१०. **बिशेष प्रस्तावहरु :**

१. संचालक समितिले प्रस्ताव गरे अनुसार ५०% बोनश शेयर प्रदान गर्ने ।

५. उपस्थिति :

१.संचालक समितिका सदस्यहरु :

(१) अध्यक्ष, श्री अशोक शम्सेर राणा - अध्यक्ष
(२) सदस्य, श्री राम सान्त श्रेष्ठ - संचालक
(३) सदस्य, श्री अमृत चरण श्रेष्ठ - संचालक
(४) सदस्य, श्री निर्मल दाहाल - संचालक
(५) सदस्य, श्री सिद्धान्त राज पाण्डे - संचालक

२.शेयरधनीहरु :

(१) शेयरधनी संस्थाका प्रतिनिधिहरु स्वयम उपस्थित : २६ जना
(२) प्रोक्सी मार्फत उपस्थित : ० (शुन्य)

३.पदाधिकारीहरु :

(१) श्री अनिल चन्द्र अधिकारी - कार्यकारी प्रमुख
(२) श्री ज्ञानेन्द्र बहादुर भारी - लेखापरीक्षक

६. गणपूरक संख्या :

यस साधारण सभामा निम्न बमोजिम शेयरको प्रतिनिधित्व हुने गरी शेयरधनीहरुको उपस्थिति रहेको थियो ।

| विवरण | उपस्थिति | | शेयर संख्याको प्रतिनिधित्व प्रतिशत |
|---|---|---|---|
| | कुल संख्या | शेयरधनी संस्थाका प्रतिनिधि | |
| शेयरधनीहरु | ७२ | २६ जना | |
| शेयर संख्या | ४४०२०२ | २७८७८४ | ६३ प्रतिशत |

७ सभाको बैधानिकता :

कम्पनी ऐन, २०६३ को दफा ६७ को उपदफा (२), केन्द्रको नियमावलीको नियम १० अनुसार बोलाईएको यस छैठौ वार्षिक साधारण सभामा कम्पनी ऐन २०६३ को दफा ७३, केन्द्रको नियमावलीको नियम ११ बमोजिम कूल शेयर संख्याको पचास प्रतिशत भन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरी कूल शेयरधनीहरुमध्ये सात जना शेयरधनी स्वयम वा आफ्नो प्रतिनिधि उपस्थित भएमा साधारण सभाको कामकारवाही शुरु हुने भन्ने व्यवस्था भएको हुँदा यस सभामा कूल शेयर संख्याको ६३ प्रतिशत र कूल शेयरधनीमध्ये २६ जनाको उपस्थिति भएकोले कम्पनी ऐन २०६३ को दफा ६९ अनुसार यस सभाको पूर्ण बैधानिकता पुगेको व्यहोरा जानकारीमा लिइयो ।

८. स्वागत मन्तव्य :

केन्द्रका कार्यकारी प्रमुख श्री अनिल चन्द्र अधिकारीबाट सभामा भाग लिन उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरुलाई हार्दिक अभिवादन तथा स्वागत गर्दै आफ्नो मन्तव्य सभा समक्ष राख्नु भयो ।

९ सभाको सभापतित्व र सभा सञ्चालन :

सभाको बैधानिकताको यकिन भएपछि कम्पनी ऐन, २०६३ को दफा ७४(१) र केन्द्रको नियमावलीको दफा ११ अनुसार केन्द्रको छैठौ वार्षिक साधारण सभाको सभापतित्व संचालक समितिका अध्यक्ष श्री अशोक शम्सेर राणाज्यूले गर्नुभयो । सभापतिको अनुमतिले कम्पनी सचिवबाट सभाको कामकारवाही अगाडी बढाउनु भयो ।

१०. बार्षिक प्रतिवेदन प्रस्तुत

१. सभाका सभापति श्री अशोक शम्सेर राणाज्यूले संचालक समितिको तर्फबाट आर्थिक बर्ष २०६६/०६७ को लागि संचालक समितिको प्रतिवेदन साधारण सभा समक्ष प्रस्तुत गर्नु भयो ।

२ संचालक समितिको प्रतिवेदन प्रस्तुति पश्चात सभापति महोदयज्युले २०६६ श्रावण १ गते देखि २०६७ असाढ ३१ सम्मको वासलात,नाफा नोक्सान हिसाव तथा नगद प्रवाह विवरण सभा समक्ष प्रस्तुत गर्नु भयो ।

११. छलफलको लागि आव्हान :

१ सभा समक्ष सभापतिज्यूले प्रतिवेदन प्रस्तुत गर्नु भए पश्चात लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व. २०६६/०६७ (२०६६ श्रावण १ गते देखि २०६७ असाढ मसान्तसम्म) को वासलात तथा नाफा नोक्सान हिसाव तथा नगद प्रवाह विवरण र संचालक समितिको प्रतिवेदन माथी छलफलको लागि आफ्नो नाम पेश गर्न सभामा अनुरोध गर्नु भयो ।

२. **छलफलमा सहभागी हुने शेयरधनी संस्थाका प्रतिनिधिहरु**

१. श्री हरिकृष्ण श्रेष्ठ, काठमाण्डौ फाइनान्स् लि.

१२. शेयरधनी संस्थाका संस्थाका प्रतिनिधिबाट ब्यक्त गरिएका मनतब्यको संक्षिप्त विवरण :

१ श्री हरिकृष्ण श्रेष्ठ, काठमाण्डौ फाइनान्स् लि.

सभाका सभापति महोदय संचालक समितिका सदस्यज्युहरु तथा शेयरधनी महानुभावहरु, कर्जा सूचना केन्द्रले हालका केही बर्ष यता देखि गरेको प्रगती सराहनिय

योग्य छ  र त्यसको हामी सबै स्वागत गर्दछौं र केन्द्रलाई धन्यबाद दिन्छौं । त्यसमाथि पनि गत बर्ष जस्तै यस बर्ष पनि बोनस शेयर दिने निर्णयले हामी सबैलाई अझ खुसी तुल्याएको छ । तथापी बोनस शेयर भन्दा नगद लाभांश दिएको भए अझ राम्रो हुने थियो । किनकि नगद लाभशंलाई हामीले आफ्नो वासलातमा देखाउन सक्ने र यस्ले हाम्रो लगानीको प्रतिफल दिएको देखिने हुनाले आउने बर्षहरुमा यस बिषयमा ध्यान दिन हुन अनुरोध गर्दछु ।

**१३.सभापतिज्यूको आज्ञाले संचालक समिति सदस्य श्री राम सान्त श्रेष्ठ एवं कार्यकारी प्रमुख श्री अनिल चन्द्र अधिकारीबाट जवाफ :**

श्री हरीकृष्णजीका सुझाव प्रति धन्यवाद । यस आर्थिक बर्षमा यस केन्द्रलाई आफ्नो System Expand गर्न तथा अन्य सेवा संचालन गर्न केहि रकम जरुरी देखिएकोले Cash Dividend दिन्ने आँट नगरीएको हो । आउदा बर्षहरुमा यहाँले दिनु भएको सुझाव अनुसार Cash Dividend दिने बिषयमा छलफल गरी निर्णय गरीने कुरा अनुरोध गर्न चाहन्छु ।

**१४ सभाको निर्णयहरु :**

**१४(क) सामान्य प्रस्ताव**

१. छलफलको क्रम समाप्त भईसकेकोले संचालक समितिको तर्फबाट पेश गरेको आ.व.२०६६/०६७ (२०६६ श्रावण १ गते देखि २०६७ असाढ मसान्तसम्म) को वार्षिक प्रतिवेदन तथा केन्द्रको आगामी कार्यक्रम सहितको प्रस्तावहरु पारित गरियोस भनि सभाका सभापति महोदयले राख्नु भएको प्रस्ताव माथी छलफलमा उठेका सुझाव सहित सर्वसम्मतीबाट उक्त प्रतिवेदन तथा केन्द्रको आगामी कार्यक्रम सहितको प्रस्तावहरु पारित गर्ने निर्णय गरियो ।

२. आ.व.२०६६/०६७ (२०६६ श्रावण १ गते देखि २०६७ असाढ मसान्तसम्म) को लेखापरीक्षकको प्रतिवेदन सहित वासलात एवं नाफा नोक्सान हिसाव पारित गरियोस भनि सभाका सभापतिज्यूले सभामा राख्नु भएको प्रस्ताव सर्वसम्मतिबाट पारित गर्ने निर्णय गरियो ।

३ आ.व.२०६७/०६८ को लागि लेखापरीक्षकमा CSC & C0. Chartered Accountant लाई नियुक्त गरियोस भनी सभाका सभापतिमहोदयले राख्नुभएको प्रस्ताव उपर छलफल गरि, निजलाई नै Tax Audit सहित रु. ८८,०००/- (अठासी हजार मात्र) पारिश्रमिक दिने गरि लेखापरीक्षकमा नियुक्त गर्ने निर्णय सर्वसम्मतिबाट पारित गर्ने निर्णय गरियो ।

**१४(ख) बिशेष प्रस्ताव :**

१. संचालक समितिले प्रस्ताव गरे अनुसार ५०% बोनश शेयर प्रदान गर्ने बिषयमा उक्त बोनश शेयर प्रदान गरे बापतको लाग्ने आयकर प्रयोजनको लागि रुं.

११,५८,४२६/ नगद लाभाशं तथा ५०% बोनस शेयर प्रदान गर्ने निर्णय सर्बसम्मतिबाट पारित गर्ने निर्णय गरियो ।

१५. **धन्यवाद ज्ञापन : श्री राम सान्त श्रेष्ठबाट**

केन्द्रलाई यस स्थान सम्म पु-याउन महत्वपुर्ण योगदान दिने केन्द्रका शेयरधनी महानुभावहरु, लेखापरीक्षक,व्यबस्थापन,केन्द्रका कर्मचारीहरु तथा सम्वन्धित सबैलाई हार्दिक धन्यवाद ज्ञापन गर्नु भयो ।

१६. **सभा विसर्जन :**

अन्तमा सभाका सभापति श्री अशोक शम्सेर राणाज्यूले छलफल गर्नुपर्ने बिषय बाँकी नभएकोले छैठौ वार्षिक साधारण सभा साँझ ५.३० बजे बिसर्जन भएको घोषणा गर्नु भयो ।

श्री अनिल चन्द्र अधिकारी
( कार्यकारी प्रमुख /कम्पनी सचिव)

श्री अशोक शम्सेर राणा
(अध्यक्ष)